# दोश्रो चरणको प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन अघिको चुनावी अभियान अवधिमा भएका घटनाहरू

विश्लेषण अद्यावधि – १६

अवधि: मङ्सिर ११-१८, २०७४

प्रकाशित: मङ्सिर १८, २०७४

मङ्सिर ११ र १८ को अवधिमा निर्वाचनसम्बन्धी ६४ घटना घटेको रेकर्ड गरियो । यस अवधिमा घटेका घटनाहरूमध्ये ५० घटना अज्ञात समूह तथा विस्फोटक पदार्थसम्बन्धी थिए, आठ घटना नेपाल कम्युनिस्ट पार्टी (नेकपा) संलग्न थिए, दुई घटना अन्तरपार्टी विवादसम्बन्धी थिए, एक घटना राजनीतिक दलका कार्यकर्ताहरू र प्रहरीबीच झडपको थियो, दुई घटना विस्फोटक पदार्थसहित केही व्यक्ति समाातिएका थिए र एक घटनामा पचास ओटा अवैधानिक मतपत्रसहित एकजना निर्वाचन अधिकारी समाातिएका थिए ।

कात्तिक ५ देखि मङ्सिर ७ को पछिल्लो रिपोर्टिङ अवधिको तुलनामा नेकपा संलग्न घटनामा उल्लेखनीय कमी आयो ।[1] नेकपा संलग्न आठ घटनामध्ये दुई घटनामा नेकपा कार्यकर्ताहरू निर्वाचन बिथोल्ने कार्यमा संलग्न थिए भने अन्य छ घटनामा निर्वाचन विरोधी गतिविधि गरेको आरोपमा प्रहरीले उक्त पार्टीको कार्यकर्ताहरूलाई समातेको थियो । यद्यपि पछिल्लो रिपोर्टिङ अवधिको जस्तै अज्ञात समूहसंलग्न विस्फोटक पदार्थसम्बन्धी घटना उच्च नै रह्यो । विस्फोटबाट दाङमा एकजना अस्थायी प्रहरीको ज्यान गयो । पछिल्लो रिपोर्टिङ अवधिको जस्तै धेरै विस्फोटका घटनाहरूले राजनीतिक दलका नेता तथा उम्मेदवारहरूलाई लक्षित गरेका थिऐ । आक्रमणमा परेका नेताहरूमध्ये उदयपुर निर्वाचन क्षेत्र २ का नेपाली काँग्रेसको तर्फबाट प्रतिनिधि सभा उम्मेदवार नारायण कार्की र नेपाली काँग्रेसकै तर्फबाट काठमाण्डु निर्वाचन क्षेत्र ४ का प्रतिनिधि सभा उम्मेदवार गगन थापा विस्फोटमा घाइते भए । यद्यपि विस्फोटका घटनाहरूले आमरूपमा चुनावी अभियानमा कुनै असर पारेनन् ।

[1] कात्तिक ५ देखि मङ्सिर ७ को अवधिमा नेपाल कम्युनिस्ट पार्टी (नेकपा) संलग्न ५१ घटना थिए । हेर्नुहोस् विश्लेषण अद्यावधि १५ ।

घटनाहरूको विवरण[2]

अन्तरपार्टी विवाद

- मङ्सिर १२ मा नवलपरासीको नवलपुर मध्यबिन्दु नगरपालिकामा नेपाली काँग्रेस र वाम गठबन्धन कार्यकर्ताहरूबीच भिडन्त हुँदा ँ छजना घाइते भए । भिडन्तपछि घटनास्थलमा सुरक्षाकर्मी तैनाथ गरिए । दुवै दलले भिडन्तको आरोप एकअर्कामाथि लगाए ।
- मङ्सिर १२ मा रोल्पामा नेपाल कम्युनिस्ट पार्टी - माओवादी केन्द्र (नेकपा-माके) कार्यकर्ताहरूले एकजना नेपाली काँग्रेस बुथ प्रतिनिधिलाई उसले मङ्सिर १० मा भएको प्रतिनिधि र प्रदेश सभा निवार्चनमा नेकपा-माकेले गर्न खोजेको बुथ क्याप्चरलाई रोकेको निहुँमा कुटपीट गरे । गम्भीर घाइते भएका नेपाली काँग्रेस कार्यकर्तालाई उपचारको लागि नेपालगञ्ज लगियो । नेपाली काँग्रेसको भ्रातृ सङ्गठन नेपाल विद्यार्थी सङ्घ (नेवि सङ्घ) ले आक्रमणको विरोध गर्दै आक्रमणमा संलग्न नेकपा-माके कार्यकर्तालाई गिरफ्तार गर्नुपर्ने माग गऱ्यो ।

नेकपा कार्यकर्ताहरूको गिरफ्तारी

- मङ्सिर ११ मा निर्वाचन विरोधी गतिविधि गरेको आरोपमा तीन नेकपा कार्यकर्तालाई इलाममा प्रहरीले गिरफ्तार गऱ्यो ।
- मङ्सिर १२ मा निर्वाचन विरोधी गतिविधि गरेको आरोपमा अर्घाआँचीको विभिन्न ठाउँबाट जिल्ला इन्चार्जसहित १० नेकपा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गऱ्यो ।
- मङ्सिर १२ मा तीन नेकपा कार्यकर्तालाई विस्फोटक पदार्थसहित प्रहरीले सर्लाहीमाा गिरफ्तार गऱ्यो ।

नेकपाद्वारा निर्वाचन लक्षित गतिविधि

- मङ्सिर ११ मा चितवनमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का प्रतिनिधि सभा उम्मेदवार पिताम्बर आचार्यले प्रयोग गर्ने गाडीमा आगो लगाउन खोज्दा एकजना नेकपा कार्यकर्तालाई प्रहरीले समात्यो ।
- मङ्सिर १२ मा सप्तरीको राजविराज-कुनौली सडक खण्डमा अवस्थित सशस्त्र प्रहरीको कार्यालय नजिक एउटा बम फेला पऱ्यो जसलाई नेपाली सेनाले निष्क्रिय पाऱ्यो ।

[2] सबै घटनाको जानकारीको लागि नेपाल मोनिटरको रेकर्ड हेरौं ।

अज्ञात समूह संलग्न घटना

- मङ्सिर ११ मा गुल्मीको मुसीकोट नगरपालिकामा नेपाली काँग्रेसका नेताहरू खिलध्वज पन्थी र भगत खडकाले प्रयोग गर्ने सवारीसाधनलाई लक्षित गरी अज्ञात समूहले बम प्रहार गर्‍यो । ती दुई नेता चुनावी आमसभालाई सम्बोधन गर्न मलिका गाउँपालिकाको वडा २ तिर जाँदै थिए । यस घटनामा कोही पनि घाइते भएन । विस्फोट भए लगत्तै घटनास्थल वरिपरि प्रहरी तैनाथ गरियो ।
- मङ्सिर ११ मा बझाङको बुङ्ल नगरपालिकामा कन्या माध्यमिक विद्यालयमा रहेको निर्वाचन केन्द्र नजिक एक अज्ञात समूहले विस्फोट गरायो । एउटा रातो कपडामा शङ्कास्पद वस्तु देखेपछि स्थानीय बासिन्दाहरूले प्रहरीलाई खबर गरे तर सुरक्षाकर्मीहरू घटनास्थल आइपुग्नु अगावै विस्फोट भइसकेको थियो । विस्फोटबाट कुनै व्यक्ति वा सम्पत्ति क्षति भएन ।
- मङ्सिर १२ मा दाङको तुलसीपुर उपमहानगरपालिकामा प्रधानमन्त्री शेरबहादुर देउवाले सम्बोधन गरेको नेपाली काँग्रेसको चुनावी सभा नजिक विस्फोट भयो । विस्फोटमा घाइते भएर एकजना अस्थायी प्रहरीको ज्यान गयो । विस्फोटमा अन्य आठजना घाइते को उपचार नेपालगञ्जको अस्पतालमा भयो ।
- मङ्सिर १२ मा नेपाली काँग्रेसबाट प्रदेश सभा उम्मेदवार हिमाल कार्कीको उदयपुरको त्रियुगा नगरपालिकाको भण्टाबारीमा अवस्थित घरमा एक अज्ञात समूहले विस्फोट गरायो । विस्फोटले कार्कीको भान्साकोठाको पर्खाल भत्काउनुको साथै एउटा गाई र एउटा भैंसी लाई गम्भीर घाइते बनायो।
- मङ्सिर १२ मा सिरहाको जिरो माइल बजार नजिक चोकमा बम विस्फोट भयो । एक प्रत्यक्षदर्शीअनुसार, जिपमा आएको  एकजना मानिसले चोकमा बम फालेर भाग्यो ।
- मङ्सिर १३ मा उपप्रधानमन्त्री तथा राप्रपा अध्यक्ष कमल थापाको मकवानपुरको हेटौँडा उपमहानगरपालिकामा गौरीटार अवस्थित घर नजिक बम विस्फोट भयो । थापा मकवानपुरको निर्वाचन क्षेत्र १ मा पार्टीको तर्फबाट प्रतिनिधि सभाको लागि प्रत्यक्ष तर्फका उम्मेदवार पनि हुन् ।
- मङ्सिर १३ मा वाम गठबन्धनबाट प्रदेश सभा उम्मेदवार रतन थापाको कैलालीको लम्कीचुहा नगरपालिका अवस्थित घरमा रहेको गाडीमा अज्ञात समूहले आगो लगायो । गाडीको अगाडिको भाग पूर्ण क्षति भयो ।
- मङ्सिर १४ मा सुनसरीको इटहरी उपमहानगरपालिकाको भलादमी चोकमा नेपाली काँग्रेसको चुनावी सभा नजिक बम विस्फोट भयो । विस्फोटमा एकजना एक वर्षीय बच्चासहित तीनजना घाइते भए । गम्भीर घाइते भएको  एक वर्षीय बच्चाको धरानस्थित बीपी कोइराला अस्पतालमा उपचार भयो ।

- मङ्सिर १३ मा नेपाली काँग्रेसबाट प्रतिनिधि सभा उम्मेदवार हस्तबहादुर मल्लको मुगुको छायानाथ रारा नगरपालिकास्थित घरमा एउटा प्रेशरकुकर बम फेला पर्‍यो ।
- मङ्सिर १६ मा नेकपा-एमालेबाट प्रतिनिधि सभा उम्मेदवार महेश बस्नेतको भक्तपुरको सूर्यविनायक नगरपालिकास्थित घरमा बम फेला पर्‍यो । घरको मूल गेटमा बाँधिएको बमलाई सुरक्षाकर्मीहरूले निष्क्रिय पारे । बस्नेत भक्तपुरको निर्वाचन क्षेत्र २ मा नेकपा-एमालेको तर्फबाट प्रतिनिधि सभाको लागि प्रत्यक्ष तर्फका उम्मेदवार हुन् ।
- मङ्सिर १७ मा उपप्रधान तथा शिक्षा मन्त्री गोपालमान श्रेष्ठको स्याङ्जाको भिरकोट नगरपालिकास्थित घरमा अज्ञात समूहले बम फ्याल्यो । श्रेष्ठ स्याङ्जाको निर्वाचन क्षेत्र २ मा नेपाली काँग्रेसको तर्फबाट प्रतिनिधि सभाको लागि प्रत्यक्ष तर्फका उम्मेदवार हुन् ।
- मङ्सिर १७ मा रक्षा मन्त्री भिमसेन दास प्रधानको काठमाण्डुको ज्याठास्थित घरमा अज्ञात समूहले प्रेशर कुकर बम राख्यो । नेपाली सेनाले बमलाई निष्क्रिय पार्‍यो । प्रधान काठमाण्डुको निर्वाचन क्षेत्र ६ मा नेपाली काँग्रेसको तर्फबाट प्रतिनिधि सभाको लागि प्रत्यक्ष तर्फका उम्मेदवार हुन् ।
- मङ्सिर १८ मा काठमाण्डुको निर्वाचन क्षेत्र ४ मा नेपाली काँग्रेसको तर्फबाट प्रतिनिधि सभाको लागि प्रत्यक्ष तर्फका उम्मेदवार गगन थापाको चपली हाइटमा भइरहेको घरदैलो चुनावी कार्यक्रमलाई लक्षित गर्दै अज्ञात समूहले विस्फोट गरायो । थापासहित नौजना नेपाली काँग्रेस कार्यकर्ता घाइते भए । प्रहरीअनुसार घाइतेहरूलाई उपचारको लागि शिक्षण असपताल लगियो ।
- मङ्सिर १८ मा सर्लाहीको निर्वाचन क्षेत्र ३ मा प्रतिनिधि सभाको लागि स्वतन्त्र उम्मेदवार नरेन्द्र साहको गाडी नजिक विस्फोट भयो । साह र उनका समर्थकहरू चुनावी अभियानमा सर्लाहीको हजरियादेखि कर्मैया जाँदैगर्दा विस्फोट भयो । कुनै प्रकारको जनधनको क्षति भएन ।
- मङ्सिर १८ मा कैलालीको धनगढी उपमहानगरपालिकामा प्रधानमन्त्री शेरबहादुर देउवा बसेको होटल डिभोटीदेखि ४०० मिटर पर बम फेला पर्‍यो । नेपाली सेनाले बमलाई निष्क्रिय गर्‍यो । उक्त घटनापछि धनगडीको सुरक्षाकर्मीको उपस्थिति बढाइयो ।
- मङ्सिर १८ मा नवलपरासीको निर्वाचन क्षेत्र १ मा नेपाली काँग्रेसको तर्फबाट प्रतिनिधि सभाको लागि प्रत्यक्ष तर्फका उम्मेदवार शशाङ्क कोइरालाको चुनावी अभियानमा प्रयोग गरिएको एउटा गाडीमा अज्ञात समूहले आगजनी गर्‍यो । नवलपुरमा गाडी धनीको घरमा गाडी राखिएको अवस्थामा आगो लगाइएको थियो । आगजनीसँग जोडिएर प्रहरीले एकजनालाई गिरफ्तार गर्‍यो ।

****

*यो प्रतिवेदन डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डिआरसीएन) र शान्तिका लागि साझा अभियान (कोक्याप)/नेपाल मोनिटरले आउँदो निर्वाचनहरुको अवधिभर प्रकाशन गर्ने आवधिक विश्लेषण अद्यावधि शृङ्खलाको सोह्रौं संस्करण हो । यस परियोजनाले द एशिया फाउन्डेशन र द कार्टर सेन्टरबाट आर्थिक र प्राविधिक सहायता प्राप्त गरेको छ ।*

# दोश्रो चरणको प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन अघिको चुनावी अभियान
## अवधिमा भएका घटनाहरू, मङ्सिर ११ - १८, २०७४




मङ्सिर १८: काठमाडौंको बालुवाटारस्थित सभामुखको निवास नजिक फेला परेको विष्फोटक पदार्थ नेपाली सेनाको टोलीद्वारा निस्क्रिय पारियो

मङ्सिर १८: अज्ञात समूहले बुढानिलकण्ठको चपालीमा नेपाली कांग्रेसका नेता गगन थापाको चुनावी प्रसार टोलीलाई लक्षित गर्दै बम विष्फोट गराउंदा थापा सहित ९ जना घाइते

मङ्सिर १७: रक्षा मन्त्री भीमसेनदास प्रधानको काठमाडौंको ज्याठास्थित घरमा फेला परेको बम नेपाली सेनाको टोलीद्वारा निस्क्रिय पारियो

मङ्सिर १६: भक्तपुरको मध्यपुरथिमी नगरपालिका-४ मा फेला परेको बम नेपाली सेनाको टोलीद्वारा डिफ्युज

मङ्सिर १५: अज्ञात समूहले ललितपुरको कुपण्डोल स्थित युएन पार्कमा बम विष्फोट गरायो घटनामा मानवीय क्षति हुन पाएन

**घटनाका प्रकारहरु**

- राजनीतिक दलका कार्यकर्ता पक्राउ
- अरु राजनीतिक विरोधको घटना
- झडप आक्रमण
- अपहरण
- बम तथा विष्फोटक पदार्थ
- आगजनी

**जम्मा घटनाहरुको संख्या**

- ०
- १ - २
- ३ - ५

मङ्सिर १८: कैलालीको धनगढीमा प्रधानमन्त्री बसेको होटेलबाट ४०० मीटरको दुरीमा अज्ञात समूहले राखेको बम नेपाली सेनाको टोलीले निस्क्रिय पार्यो

मङ्सिर १७: अज्ञात समूहद्वारा स्याङ्जाको भिरकोट नगरपालिका-९ मा शिक्षा मन्त्री गोपालमान श्रेष्ठ चढेको गाडीलाई लक्षित गर्दै बम प्रहार

मङ्सिर १४: रौतहटको गरुडा नगरपालिका-५ मा राजपा र संघिय समाजवादी फोरमका कार्यकर्ताहरुबीच झडप हुँदा ६ प्रहरी सहित १५ जना घाइते

मङ्सिर १४: सुनसरीको इटहरी नगरपालिका-९ मा नेपाली काँग्रेसको चुनावी र्यालीमा बम विष्फोट हुँदा एक बालिका सहित ४ जना घाइते

NepalMonitor.org
NEPAL MONITOR
human rights . security . nepal